प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य कार्यक्रममा स्तरोन्नतीको स्वीकृति पाएका शिक्षण संस्थाको पूर्णशुल्कीय तर्फको प्रवेश परीक्षाको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति: २०७९/०६/१२)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९/०५/२२ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम शैक्षिक सत्र २०७९/८० का लागि डिप्लोमा/प्रमाणपत्र तह स्वास्थ्य कार्यक्रममा स्तरोन्नती र शिक्षालय तथा कार्यक्रम थप स्वीकृत भई भर्ना प्रकृयाका लागि पूर्ण शुल्कीय कोटामा विद्यार्थी छनौटका लागि तोकिएको मिति र समय भित्र Online फाराम भरेका तथा परिषद् प.नि.का. को मिति २०७९/०६/०५ गतेको सूचना बमोजिम प्रवेश परीक्षामा सामेल भएका योग्य आवेदकहरु मध्येबाट “डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७९” मा भएको व्यवस्था बमोजिम योग्यताक्रमानुसार नतिजा प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

छनौट भएका मुख्य उम्मेद्वारहरुले यसै सूचनालाई आधार मानी सम्बन्धित शिक्षण संस्थामा मिति २०७९/०६/३० गते कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यताका सक्कलै कागजपत्र, नागरिकता/जन्मदर्ता प्रमाणपत्र, लक्षित वर्गमा छनौट भएको भए सोको प्रमाणपत्र र प्रवेश पत्र सहित भर्ना भई सक्नु पर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी सिफारिस गरिएका विद्यार्थी भर्ना गर्नु गराउनुहुन सूचित गरिन्छ । तोकिएको समय र मिति भित्र विद्यार्थी भर्ना हुन नआई कोटा रिक्त भएमा सम्बन्धित शिक्षण संस्थालाई “डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७९” को परिच्छेद ५, बुँदा नं. २५ अनुसार गर्न समेत सूचित गरिन्छ ।

परिषद्को भर्ना सम्बन्धी निर्देशिका तथा सूचनामा उल्लेख भएका भर्ना प्रकृयाका कुराहरुमा फरक पारी विद्यार्थी भर्ना गर्ने गराउने कार्य भएमा सो को जिम्मेवार सम्बन्धित शिक्षण संस्थाको प्राचार्य हुने र त्यसरी भर्ना भएका विद्यार्थीको रजिष्ट्रेशन नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**निर्देशक**